यो आकाशवाणी हो

समाचार पारसमणि दंगालबाट सुन्नुहोस्

09 February 2025

मुख्य समाचार

- छत्तीसगढ भिडन्तमा 31 जना माओवादी मारिए
- आउँदो वर्ष ३१ मार्चसम्ममा देशबाट नक्सलवादलाई पूर्ण रूपमा उन्मूलन गर्ने गृहमन्त्रीको संकल्प
- मणिपुरका मुख्यमन्त्री श्री एन बिरेन सिंहले दिनु भयो राजीनामा
- परीक्षा पे चर्चाको आठौं संस्करणमा भोलि प्रधानमन्त्रीले विद्यार्थीहरूसित कुराकानी गर्नुहुने
- उपराज्यपालले गर्नुभयो दिल्ली विधानसभा भङ्ग, सुश्री आतिशीले बुझाउनु भयो राजीनामा
- राष्ट्रिय खेलमा सेना, कर्नाटक र महाराष्ट्र शीर्ष तीनमा
- पारा-आर्चरी एशिया कपमा भारतले आज जित्यो दुई स्वर्ण, अनि
- दोस्रो एक दिवसीय क्रिकेटमा इंग्ल्यान्डले भारतलाई दियो 305 रनको लक्ष्य,

छत्तीसगढ-भिडन्त

छत्तीसगढको बिजापुर जिल्लामा सुरक्षाबल र माओवादीबीच आज भएको भिडन्तमा कम्तिमा पनि 31 जना माओवादी मारिएका छन्। भिडन्तमा दुई जना सुरक्षाकर्मी शहीद भएका छन् भने दुईजना घाइते भएका छन्।

विजय शुक्ल

गृहमन्त्री श्री अमित शाहले आज छत्तीसगढमा नक्सलवादीहरू विरुद्धको कारबाहीमा मारिएका दुई शहीद सैनिकका परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ। श्री शाहले देश यी वीरहरूप्रति सधैं ऋणी रहने बताउनु भएको छ। उहाँले भन्नुभएको छ, सुरक्षा बलले आज छत्तीसगढको बीजापुरमा ठूलो सफलता प्राप्त गरेको छ जहाँ ३१ नक्सलवादी मारिएका छन् र ठूलो मात्रामा हातहतियार र विस्फोटक पदार्थ पनि जफत गरिएको छ। गृहमन्त्रीले आउँदो वर्ष ३१ मार्च सम्ममा देशबाट नक्सलवादलाई पूर्ण रूपमा उन्मूलन गर्ने संकल्प पनि दोहोऱ्याउनु भएको छ।

मणिपुर मुख्यमन्त्री राजीनामा

मणिपुरका मुख्यमन्त्री श्री एन बिरेन सिंहले आज राजभवनमा राज्यपाल श्री अजय कुमार भल्लालाई आफ्नो राजीनामा बुझाउनु भएको छ।

राज्यपाललाई भेटेपछि, श्री बिरेन सिंह मुख्यमन्त्री सचिवालय जानु भएको थियो। आज दिल्लीबाट फर्किएको केही घण्टापछि उहाँले राजीनामा दिनुभएको हो।

परीक्षा पे चर्चा

परीक्षा पे चर्चाको आठौं संस्करण भोलि नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुनेछ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीको पहलमा सुरु गरिएको यस कार्यक्रममा सबै राज्य र केन्द्रशासित प्रदेशहरूबाट ३६ जना विद्यार्थी छनोट भएका छन्। यी विद्यार्थीहरूले प्रधानमन्त्रीसँग सिधै कुराकानी गर्नेछन्। पाँच करोडभन्दा बढी मानिसहरूको सहभागिता रहने यो कार्यक्रम जनआन्दोलनको रूपमा देखा परेको छ, जसले सिक्ने प्रक्रियालाई प्रेरित गरेको छ।

परीक्षा पे चर्चा २०२५ मा सातवटा व्यावहारिक सत्रहरू हुनेछन्। यसमा, विभिन्न क्षेत्रका प्रख्यात विद्वानहरूले विद्यार्थीहरूलाई जीवन र सिक्ने प्रक्रियाका आवश्यक पक्षहरूमा मार्गदर्शन गर्नेछन्।

आतिशी राजीनामा

दिल्ली विधानसभा चुनाउमा आम आदमी पार्टीको पराजयपछि दिल्लीकी मुख्यमन्त्री सुश्री आतिशीले आज दिल्लीका उपराज्यपाल श्री विनय कुमार सक्सेनालाई आफ्नो राजीनामा पत्र सुम्पिनु भयो। सुश्री आतिशीले आज बिहान राजनिवासमा उपराज्यपाल समक्ष आफ्नो राजीनामा बुझाउनु भयो।

यसैबीच, दिल्लीका उपराज्यपाल श्री विनय कुमार सक्सेनाले दिल्लीको सातौं विधान सभा भंग गर्नुभएको छ।

दिल्ली विधानसभा चुनाउमा भारतीय जनता पार्टी ७० मध्ये ४८ सिट जितेर विजयी भएको छ। २६ वर्षपछि दिल्लीमा भाजपा फेरि सत्तामा फर्किएको छ।  प्रधानमन्त्री श्री नरेन्द्र मोदी विदेश भ्रमणबाट फर्केपछि अर्को हप्ता भाजपाले सरकार गठनको दाबी गर्न सक्ने भाजपा नेताहरूले बताएका छन्।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ GM

महाकुम्भ-राष्ट्रपति

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भोलि प्रयागराजमा महाकुम्भको भ्रमण गर्नुहुनेछ। उहाँले गंगा, यमुना र सरस्वतीको त्रिवेणी संगममा पवित्र स्नान गर्नुहुनेछ। राष्ट्रपतिले अक्षयवट र बडे हनुमान मन्दिरको पनि दर्शन गर्नुहुनेछ। उहाँले डिजिटल महाकुम्भ केन्द्रमा आधुनिक प्रविधि मार्फत महाकुम्भको जटिलताको बारेमा जानकारी प्राप्त गर्नुहुनेछ। यस अवसरमा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ पनि उपस्थित रहनुहुनेछ।

प्रधानमन्त्री एआई समिट

प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलिदेखि फ्रान्स र संयुक्त राज्य अमेरिकाको यात्रामा निस्कनु हुनेछ। यात्राको उद्देश्य दुवै राष्ट्रहरूसँग रणनीतिक, आर्थिक र प्राविधिक साझेदारीलाई सुदृढ पार्नु रहेको छ। भ्रमणको पहिलो चरणमा उहाँ 10 फरवरीदेखि १२ फरवरीसम्म फ्रान्समा रहनु हुनेछ। जहाँ उहाँले AI Action Summit 2025 मा भाग लिनु हुनेछ।

प्रधानमन्त्री श्री मोदी 12 फरवरीको दिन दुई दिने भ्रमणका लागि संयुक्त राज्य अमेरिकाको यात्रामा जानु हुनेछ।

विकसित भारत

केन्द्रीय सञ्चार ब्यूरोले पत्र सूचना कार्यालय गान्तोकसँगको सहकार्यमा आज VIKSIT BHARAT @2047 सम्बन्धी एक जनचेतना कार्यक्रम सिक्किमको राजधानी गान्तोकमा आयोजना गऱ्यो।

एक पेड मा के नाम, स्वच्छता ही सेवा र नसामुक्त भारत- विषयलाई समेटेको यस आउटरिच कार्यक्रममा विभिन्न जनचेतनामूलक कार्यक्रमहरूको आयोजना गरिएको थियो। कार्यक्रमको उद्देश्य जनचेतनाको विस्तार गर्नु रहेको स्पाइसेस बोर्डका वैज्ञानिक श्री एस.एस बोराले बताउनु भएको छ।

बोरा

राष्ट्रिय खेल

उत्तराखण्डमा जारी 38 औं राष्ट्रिय खेलमा सेना 42 स्वर्ण पदक जितेर पदक तालिकामा शीर्षस्थान रहेको छ। अहिलेसम्ममा सेनाले 42 स्वर्ण, 16 रजत र 13 कास्य गरी कूल 71 पदक जितिसकेको छ। दोस्रो स्थानमा रहेको कर्नाटकले 31 स्वर्ण, 13 रजत र 17 कास्य गरी कूल 61 पदक जितेको छ भने तेस्रो स्थानमा रहेको महाराष्ट्रले 27 स्वर्ण, 42 रजत र 46 कास्य गरी कूल 115 पदक जितिसकेको छ ।

प्याराआर्चरी एसिया कप

थाइल्याण्डमा जारी पारा-आर्चरी एशिया कपमा भारतीय प्यारा-आर्चरहरूले आज रिकर्भ ओपन र कम्पाउन्ड ओपन मिक्स टिम इभेन्टमा दुई स्वर्ण पदक जितेका छन्। यस जीतसँगै भारतले अहिलेसम्ममा चार स्वर्ण र दुई रजतसहित कुल छ पदक जितेको छ। भोलि भारतीय आर्चरहरूले व्यक्तिगत स्पर्धाहरूको अन्तिम खेलहरू खेल्नेछन्।

क्रिकेट

ओडिशाको कटकमा भारत र इङ्ग्ल्याण्डबीच जारी तीन म्याचको एकदिवसीय क्रिकेट शृङ्खलाको दोस्रो म्याचमा इंग्ल्याण्डले भारतलाई जीतका लागि 305 रनको लक्ष्य दिएको छ। ताजा समाचार अनुसार लक्ष्यलाई पछ्याउँदै भारतले 10 ओबरमा कुनै विकेट खर्च नगर 77 रन बनाएर खेलिरहेको थियो।

फुटबल

इन्डियन सुपर लिग फुटबल प्रतियोगितामा अहिले बेंगलुरुमा जमशेदपुर फुटबल क्लब र बेंगलुरु फुटबल क्लबको भिडन्त शुरु भएको छ।

प्रतियोगितामा हिजो हैदराबाद एफसीले मोहम्मद स्पोर्टिङ क्लबलाई ३-१ ले पराजित गऱ्यो भने अर्को खेलमा, चेन्नईयिन एफसीले इस्ट बंगाल एफसीलाई ३-० ले पराजित गऱ्यो।

मुख्य समाचार फेरि एकपल्ट

- छत्तीसगढ भिडन्तमा 31 जना माओवादी मारिए
- आउँदो वर्ष ३१ मार्चसम्ममा देशबाट नक्सलवादलाई पूर्ण रूपमा उन्मूलन गर्ने गृहमन्त्रीको संकल्प
- मणिपुरका मुख्यमन्त्री श्री एन बिरेन सिंहले दिनु भयो राजीनामा
- परीक्षा पे चर्चाको आठौं संस्करणमा भोलि प्रधानमन्त्रीले विद्यार्थीहरूसित कुराकानी गर्नुहुने
- उपराज्यपालले गर्नुभयो दिल्ली विधानसभा भङ्ग, सुश्री आतिशीले बुझाउनु भयो राजीनामा
- राष्ट्रिय खेलमा सेना, कर्नाटक र महाराष्ट्र शीर्ष तीनमा
- पारा-आर्चरी एशिया कपमा भारतले आज जित्यो दुई स्वर्ण, अनि
- दोस्रो एक दिवसीय क्रिकेटमा इंग्ल्यान्डले भारतलाई दियो 305 रनको लक्ष्य,

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो